# विदेशी नागरिकले पनि प्रति व्यक्ति १ लाख येन (100,000YEN) पाउँछन्

नयाँ कोरोना भाइरस रोग (COVID-19) को कारण, जापान सरकारले सम्पूर्ण जापानबासीलाई प्रति व्यक्ति १ लाख जापानी येन राहत वितरण गर्नेछ ।

१ लाख येन (100,000YEN) पाउनका लागि「सन् २०२० को अप्रिल २७ भित्रमा『आधारभूत आवासीय दर्ता स्रेस्ता (ज्यूमिन् किहोन् दाईचोउ)』मा दर्ता भइसकेका हरेक व्यक्ति」योग्य छन् ।
विदेशी नागरिकले पनि राहत रकम पाउँछन् ।
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले २० तारीख सार्वजनिक गरेको छ ।

विदेशी नागरिकले राहत रकम पाउनका लागि निम्न कुराहरु आवश्यक पर्दछन् ।
・जापानमा ३ महिना भन्दा बढि बस्न मिल्ने रेसिडेन्स कार्ड (बसोबास योग्यता)
・सन् २०२० अप्रिल २७ मा आफू बस्दै आएको ठाउँको「आवासीय प्रमाणपत्र (ज्यूमिन्हयो)」

तपाईंको आवासीय प्रमाणपत्र (ज्यूमिन्हयो) दर्ता भएको वडा कार्यालयले तपाईंको घरमा राहत रकम पाउनको लागि आवश्यक हुने「आवेदन फारम」पठाउँछ ।

सोहि आवेदन फारममा घरमूली (बुबा आदि) को पुरा नाम, जन्म मिति, बसेको ठाउँको ठेगाना, राहत रकम जम्मा गर्ने बैंक खाताको विवरण भरेर वडा कार्यालयमा हुलाक मार्फत पठाउनु पर्छ ।

जसमा बैंक खाताको र तपाईंको पहिचान पुष्टि गर्न सकिने फोटोकपीहरू पनि सँगै राखेर पोस्ट गर्नु पर्छ ।

यदि तपाईंसँग माई नम्वर कार्ड छ भने अनलाइन आवेदन दिन पनि सक्नुहुन्छ ।

आवेदन फारम आउने मिति र राहत रकम भुक्तानीको मिति चाहिँ बसेको एरिया अनुसार फरक हुन्छ ।

छिटो हुने एरिया भने मे महिनामै वितरण थालिन्छ ।

「आधारभूत आवासीय दर्ता स्रेस्ता (ज्यूमिन् किहोन् दाईचोउ)」 या 「आवासीय प्रमाणपत्र (ज्यूमिन्हयो)」 को बारेमा कुनै जानकारी लिन चाहेमा फोनबाट परामर्श लिन सक्नुहुनेछ ।
कल सेन्टरको स्टाफले वडा कार्यालयको कर्मचारीसँग अनुवाद पनि गर्छन् ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको कल सेन्टर
0570-066-630（Navi Dial）
03-6436-3605（IP फोन, PHS बाट कल गर्नको लागि）
8：30～17：30
शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक

जापानी, अंग्रेजी, चिनियाँ, कोरियाली, स्पेनिश, पोर्तुगाली, भियतनामी, थाई, इण्डोनेशियाई, तागालोग र नेपाली भाषामा परामर्श लिन सकिन्छ ।

विदेशी नागरिकको 『आधारभूत आवासीय दर्ता स्रेस्ता (ज्यूमिन् किहोन् दाईचोउ)』 को बारेमा जानकारी उपलब्ध छ ।
जसमा विभिन्न देशका भाषामा जानकारी लिन सकिने पेज पनि राखिएको छ ।
https://www.soumu.go.jp/main_sosiki/jichi_gyousei/c-gyousei/zairyu/nepali/move-in_move-out.html

स्रोत :
「外国人も1人10万円(100,000YEN)をもらうことができます」（やさしい日本語ニュース／withhnews・朝日新聞　2020年4月21日）
URL:https://www.facebook.com/yasashiinews/

翻訳：NPO法人 多言語センターFACIL
https://tcc117.jp/facil/